# नेपाल गजेट


नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं ज्येष्ठ २६ गते २०१० साल [संख्या ४२


## भाग १

## नेपाल भ्रष्टाचार–निवारण ऐन २००१

र

## नेपाल भ्रष्टाचार–निवारण नियम

### भूमिका

भ्रष्टाचार निरोध गर्ने विषयमा नोट लेखी जाहेर गर्नू भन्ने सन् ५२ अगष्ट १८ मा भएको अड्रबमोजिम अगष्ट २१ गते नोट लेखी जाहेर गर्दा यस विषयको बन्दोबस्ती तयार गर्नु भन्ने भै आएको र सो बन्दोबस्ती लेख्ने काममा श्रीगोविन्दनारायणले अंग्रेजीमा मसौदा दिनुभएको र त्यस मसौदालाई साम्हुन्ने राखी भ्रष्टाचार निरोधक ऐन र त्यस अन्तर्गतको नियमावली तयार भएको हो, मद्दत दिनुभएकोमा हामीहरूको उहाँलाई धन्यवाद छ ।

बृ. ज. चन्द्रबहादुर थापा.   सरदार भीमबहादुर पाँडे.   बृ. ज. तिलकशमशेर थापा.




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वस्तिश्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावलीविराज मानमानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ओं रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति सर्वोच्च कम्याण्डर इनचिफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीरविक्रम जङ्गबहादुर शाहबहादुर शम्सेर जङ्गदेवानाम् सदा समरविजयिनाम्।

**उद्देश्य र कारण** सरकारी कर्मचारीले सरकारी कामकाज गर्दा भ्रष्टाचार गरेको सम्बन्धमा छुट्टै ऐनको महल नभई प्रचलित ऐनको महलको बिच बिचमा र मुलुकी सवाल र अरू अड्डा अदालतको नाउँमा भएको सवाल सनदहरूको ठाउँ ठाउँमा परी सबै एकै ठाउँमा नपरी छुटफुट भई रहेको र ऐनमा विशेष गरी झगडा मुद्दा लिएर लेखिएको र मधेश, पहाड, माल, गढी, गौंडा, गोस्वाराको सवाल सनद खास गरी जिल्लाका रकमीलाई सम्म लागू हुने भइरहेको र सदरका कर्मचारीउपर सबै कलम लागू नहुने भइरहेको र साबिकमा सदरका कर्मचारीको भ्रष्टाचार रोक्कको लागी प्राइम्मिनिष्टर, मुख्तियारका विशेष अडरबाट बिच बिचमा आउपहरिया र साक्षीको रूपमा पुलीस खटाई पठाई पक्राउ गर्ने गरी आएकोमा सदर मोफसलका कर्मचारीहरूको सरकारी कामसम्बन्धमा भ्रष्टाचार रोक्नाको लागी सुव्यवस्थित रूपले एउटा छुट्टै विभाग खडा गरी भ्रष्टाचार निवारण गर्न मुनासीब देखिकोले यो ऐन र यसको अन्तर्गत बनेको नियम जारी भएको छ।

साबिक ऐन सवाल यो ऐन जारी गरेबाट खारेज भएको छैन। यो विषयमा लेखिएको बात कसुर अघिको ऐन सवाल सनदमा पनि परेको कलमहरूमा यो ऐन नियममा लेखिएको भन्दा बढी सजाय साबिक ऐन सवाल सनदमा परेको रहेछ भने ठहर गर्ने अधिकार पाएकोले मुद्दा र अवस्था हेरी साबिक ऐनबमोजिम बढाउन पनि हुन्छ। तर यो ऐनमा लेखिएको भन्दा बढी भने गर्न हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२३

## प्रस्तावना

सरकारी जागीरदारहरूमा भ्रष्टाचार रोक्नाको निमित्त कडा कारवाई गर्न उचित देखिएकोले श्री ५ महाराजाधिराजबाट शाही परामर्शदाताहरूको सल्लाह लिई यो ऐन जारी गरिबक्सेको छ।

# नेपाल भ्रष्टाचार-निवारण ऐन

१. संक्षिप्त नाम विस्तार

(क) यो ऐनको नाम नेपाल "भ्रष्टाचार-निवारण ऐन" २००९ रहनेछ।

(ख) यो ऐन भरमुलुकमा लागू हुनेछ।

(ग) यो ऐन २०१० साल आषाढ १ गतेदेखि लागू हुनेछ।

२. परिभाषा

प्रसङ्ग वा विषयले अर्कै अर्थ नलागेमा देहायमा लेखिएका शब्द र वाक्यको अर्थ लगाउनुपर्दा देहायमा लेखिएबमोजिम लगाउनुपर्छ।

(क) यहाँ 'ऐन' शब्दले भ्रष्टाचारनिवारण ऐन भन्ने अर्थ लाग्छ।

(ख) 'भ्रष्टाचार—निवारण अफिसर' भन्नाले खास यस कामको लागी सरकारले भर्ना गरेको अफिसरलाई भनिन्छ र असिष्टेण्ट भ्रष्टाचार-निवारण अफिसरहरू पनि यसै अर्थभित्र पर्छन्।

(ग) 'गजेट' शब्दले नेपाल सरकारबाट प्रकाश हुने नेपाल गजेटलाई भनिन्छ।

(घ) सरकारी कर्मचारीले सरकारी काम काज कारवाई गर्दा ओहदा जानी जानी सरकारी ओहदाको दुरुपयोग गरी आफ्ना अड्डा अदालतमा वा आफ्ना ताल्लुक या आफ्ना मातहतका अड्डा अदालतमा पर्न आएको कामको औसर छोपी सो जरियाबाट आफूलाई ठेकिएको तलब भत्ता र तोकिएको अरू सुविधा र लिन खान हुन्छ भन्ने अधिकार पाएभन्दा बढी रकम ठाडै आफैंले या अरूमार्फत लिए खाएको या अरूलाई दिए दिलाएको,

५२७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिन लगाएको या यस्तै अरू किसिमको अनुचित फाइदा उठाएको या उठाउन लगाएकोलाई घूस या भ्रष्टाचार भनिन्छ ।

(ङ) माथि उपदफा (घ) मा लेखिएबमोजिम भै गरी नसकेको, तर त्यस्तो गर्न खोजेको हात भने परी नसकेको या त्यस्तै अरू किसिमको अनुचित फाइदा उठाएन कोशिश भएको, तर नपाएकोलाई–'भ्रष्टाचारको उद्योग' भनिन्छ ।

(च) माथि उपदफा (ङ) मा लेखिएको कुराको उद्योग गरेको नभए पनि डर त्रास वा नातापक्ष लिई काम कारवा गरेकोलाई 'मोलाहिजा' भनिन्छ।

(छ) माथि उपदफा (च) मा लेखिएबमोजिम काम भई नसकेको, तर गर्न खोजेकोलाई 'मोलाहिजाको उद्योग गरेको' भनिन्छ ।

(ज) काम कारवाई गर्दा ऐन सवाल छाडी नगरेको, तर गरी गराई पाऊँ भन्दा ऐनबमोजिम गरी गराई दिन्छु भनी लिनु खानु या कुनै किसिमको अनुचित फाइदा उठाएमा पनि 'घूस खाएको' या 'भ्रष्टाचार गरेको' भनिन्छ ।

३. (क) बहालवाला सरकारी कर्मचारीले या बहाली पाउने भएका जस कसैले सरकारी कामसम्बन्धमा सरकारी ओहदाको धाकले सरकारले दरी ठेकी दिएको वा लिन खान पाउँछ भनी तोकिदिएका तलब भत्ता इनाम इत्यादिबाहेक अरू कुनै चल अचल कसैबाट लिन खान, दिन दिलाउन हुँदैन । उजुर परी वा अरू कुनै किसिमबाट नाँच्दा लेखिएबमोजिम गरे गराएको ठहरे बात लाग्छ ।

(ख) स्वीकार गरेको, स्वीकार गर्ने मन्जुर गरेको, लिन खान खुवाउन या चेष्टासम्म गरेको या लिने खाने खुवाउनेविषयमा स्वीकार गरेको चेष्टासम्म गरेको, तर लिनु खानु या दिनु खुवाउनु गर्न पाई नसकेको रहेछ भने पनि बात लाग्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. सरकारी कर्मचारीलाई घूस रोसवत खुवाउनको लागी जो कसैले जो कसैबाट लिन खान दिन दिलाउन गरे बात लाग्छ ।

५. सरकारी कर्मचारीउपर आफ्नो व्यक्तिगत प्रभाव पारी जो कसैले जो कसैबाट लिनु खानु दिनु खुवाउन गरे बात लाग्छ ।

६. लिनु खानु नगरे पनि अर्काको प्रभावमा परी ऐन सवाल सनद अखतियार काटी गर्न नहुने काम गर्ने र गर्नपर्ने काम नगर्नेलाई बात लाग्छ ।

७. सरकारी कर्मचारी भई माथि दफा ४।५।६। मा लेखिएबमोजिम गर्नेलाई बात लाग्छ ।

८. कसैको कुनै काम आफ्नो अड्डामा मातहती या तालुकअड्डामा पर्न आएको छ र सो व्यक्तिको नातेदार रिस्तेदार या सो व्यक्तिसँग सरोकार भएको कुनै व्यक्ति या समूहबाट कुनै चल अचल सितैं या पत्याई नसक्ने कम मोलमा लिए खरिद गरे बात लाग्छ ।

९. सरकारी कर्मचारी कसैले सरकार या दुनियाँ कसैलाई हानि नोक्सानी पार्ने नियतले ऐन सवाल सनद नियम अखतियारी काटी काम गरे बात लाग्छ।

१०. सरकारी कर्मचारीले जानी जानी गर्नपर्ने काम नगरी या गर्न नहुँने काम गरी या एकथोक लेख्नपर्ने अर्को कुरा लेखी सरकार या कसैलाई नोक्सान पार्न या त्यस्तो नियत लिनेलाई बात लाग्छ।

११. (क) सरकारी कर्मचारीले कुनै व्यापार गरेमा या व्यापारमा साजा भएमा या हिस्सेदार भएमा या डाइरेक्टर या मेनेजर भए बात लाग्छ ।

(ख) आफ्नै अड्डा या विभागसम्बन्धी काममा ठेक्का लिनेलाई या व्यापार गर्ने या सो व्यापार ठेक्काको हिस्सा लिने या जमानी हुनेलाई बात लाग्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. नपाएको पगरी पाएँ भनी झुक्याई सो पगरीले पाएको अख्तियारी चलाए या चलाउने उद्योग गरे बात लाग्छ ।

१३ नपाएको पगरी पाएँ भनी सो पगरी बाँधी या पोसाक लगाई या त्यसै किसीमको चिन्ह धारण गरी सो दर्जाको जागीरे हुँ भनी या होला भन्ने अर्काले सम्झुन् भन्ने मुरादले हिंडे बात लाग्छ ।

१४. सरकारी कर्मचारीलाई घूस रोसवत दिए या दिने कोशिश गरे बात लाग्छ।

१५. सरकारी कर्मचारीउपर घूस रोसवत भ्रष्टाचारको उजुर नालेश परेपछि कारवाई चल्दा निजको आर्जनको चल अचलमा शङ्का देखाई लेखिदिएमा सो चल अचल न्यायोचित रूपले पाए थपे कमाए बढाएको हो, अवैध रूपले आर्जन गरेको होइन भन्ने सबूद उजुर परेको कर्मचारीले पुऱ्याउनुपर्छ ।

१६. घूस भ्रष्टाचारको मुद्दा कारवाई गर्ने अड्डा अदालत या कर्मचारीले दरकार सम्झे उजुर परेको कर्मचारीको चल अचल श्रीसम्पत्ती के कति छ, कुन किसिमले कुन कुन साल महिनामा आर्जन गरेको हो, खुलाई फाँटवारी माग्न सक्छ र बात लगाई माग्नेले उचित समयभित्र दिन सक्नुपर्छ। नदिनको लागी आलटाल छलछाम दपनछपन गरे या अपूरो या झूटो फाँटवारी दिए बात लाग्छ ।

१७. घूसखोरी मुद्दामा इन्स्पेक्टर र सोभन्दा माथिका पुलीस अफिसरलाई खोज गर्ने काममा लाउन र सो अफिसरले गर्न हुन्छ ।

१८. सरकारी कर्मचारीउपरको भ्रष्टाचार घूसखोरी मुद्दा अपीलभन्दा मुनिको अदालतले हेर्न हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९. घूसमा उजुर परेको कर्मचारीलाई अनुसन्धान अधिकारी या कारवाई गर्ने अदालतले पक्राउ गरी हीरासतमा राख्न या राख्न लगाउन सक्छ। जमानतमा छोड्न पनि सक्छ। हीरासतमा राख्ने या जमानतमा छोड्ने अख्तियार कारवाई गर्ने अड्डा अदालत या त्यसको अपील साधक हेर्ने अड्डा अदालतलाई रहनेछ।

२०. यो ऐनको अभिप्राय पूरा गर्नाको लागी सरकारले यो ऐनको अन्तर्गत नियम बनाउन सक्छ। सो नियमबिरुद्ध चले बात लाग्छ।

२१ आफ्नो अधिकार क्षेत्रमा सरकारी कामकाज कारवाई गर्दा कर्तव्य पालनको लागी सद्भावनाले गरेको रहेछ भने त्यस्तो कर्मचारी-उपर कुनै अड्डा अदालतमा यो ऐन र यसको अन्तर्गत बनेको नियमहरुअनुसार मुद्दा डायर रही कारवाई चल्न सक्तैन।

## दण्ड—सजाय

२२ यो ऐनको माथि नम्बर नम्बरमा लेखिएका बात कसूरमा देहायमा लेखिएबमोजिम दण्ड सजाय हुन्छ।

१ नं. ३ क को कसूरमा बिगो अफत गरी बिगोबमोजिम दण्ड या एक दिनदेखि तीन वर्षसम्म कैद या दण्ड दुवै हुन सक्छ।

२ नं. ३ ख को कसूरमा देस हेरी रु. १ देखि रु १००० सम्म दण्ड वा एक दिनदेखि १॥ बर्षसम्म कैद या दुवै हुन सक्छ

३ नं. ४ को कसूरमा लिनु खानु गरिसकेको रहेछ भने ३ क र खुवाउने दिनेको मंजूर र चेष्टासम्म गरेको भए ३ ख. मा लेखिए बमोजिम दण्ड कैद हुन्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. नं. ५ को कसूरमा काम भइसकेको रहेछ भने रु. ५०० सम्म दण्ड र वर्ष दिनसम्म कैद या दण्ड कैद दुवै थोक र काम भइसकेको रहेनछ भने माथि लेखिएको दण्ड कैदको आधा गर्नू।

५. नं. ६ को कसूरमा रु. १ देखि ५०० सम्म दण्ड या १ दिनदेखि १ वर्षसम्म कैद या दण्ड कैद दुवै हुन सक्छ।

६. नं. ७ को कसूरमा रु. १ देखि १००० सम्म दण्ड या एकदिनदेखि २ वर्षसम्म कैद या दण्ड कैद दुवै हुन सक्छ।

७. नं. ८ को कसूरमा रु. १ देखि रु. ५०० सम्म दण्ड या १ दिनदेखि २ वर्षसम्म कैद या दण्ड कैद दुवै हुन सक्छ।

८. नं. ९ को कसूरमा रु. १ देखि ५०० सम्म दण्ड या १ दिनदेखि २ वर्षसम्म कैद या दण्ड कैद दुवै हुन सक्छ।

९. नं. १० को कसूरमा रु. १ देखि १००० सम्म दण्ड या १ दिनदेखि ३ वर्षसम्म कैद या दुवै हुन सक्छ। नियत मात्र लिएको रहेछ, काम भई सकेको रहेनछ भने माथि लेखिएको चारबाट खण्डको एक खण्ड दण्ड कैद या दुवै हुन सक्छ। सरकारको हानि नोक्सानी गरेको रहेछ भने बिगोसमेत भराई लिनू।

१०. नं. ११ को कसूरमा (क) बमोजिम गरेमा रु. १ देखि रु- १००० सम्म जरिवाना, १ दिनदेखि २ वर्षसम्म कैद या दुवै हुन सक्छ। (ख) बमोजिम गरेमा त्यसको दोवर सजाय हुन्छ। त्यसमा लगाएको र त्यसबाट फाइदा गरेको चल अचलसमेत जफत हुन्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२५

११. नं. १२ को कसूरमा रु.१ देखि रु. ५०० सम्म दण्ड १ दिन देखि २ वर्षसम्म कैद या दुवै हुन सक्छ ।

१२. नं. १३ को कसूरमा रु. १ देखि रु. २०० सम्म दण्ड या एक दिनदेखि ३ महिनासम्म कैद या दुवै हुन सक्छ ।

१३. नं. १४ को कसूरमा बिगो जफत गरी रु. १ देखि रु. १००० सम्म दण्ड या १ दिनदेखि ३ वर्षसम्म कैद या दुवै हुन सक्छ ।

१४. माथि लेखिएबमोजिम सजाय पाउने ठहरेका बहालवाला जागीरदारलाई जागीर खोसी अरू सरकारी काम गरी रहेको भए झिकि जनमभर जागीर र अरू सरकारी काम र पञ्चायत म्यूनिसिपल्टी संसदको सदस्यसमेत हुन नदिनू। जागीर नभएकाले पनि जनमभर जागीर र अरू सरकारिया कुन काम सल्लाहकार पञ्चायत म्यूनिसिपल्टीहरू ससदको सदस्यसमेत हुन पाउनेछैन ।

श्री ५ महाराजाधिराजबाट सदर गरिबक्सेको--२००६।१२।२१।६
लालमोहर सदर भएको ——————————२०१०।१।१३।१

४२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५०

# नेपाल भ्रष्टाचार—निवारण
## नियमहरू

नेपाल भ्रष्टाचार निवारण ऐन २००६ सालको २० दफाको अख्तियार अन्तर्गत बनेको नियमहरू जारी गरेको छ।

१. (क) यी नियमहरूको नाम "नेपाल भ्रष्टाचार निवारण नियम २००६" रहेको छ।

(ख) यी नियहरू भरमुलुकमा लागू हुनेछ।

(ग) यी नियमहरू २०१० साल असाढ १ गतेदेखि लागू हुनेछ।

२. प्रसंग यो विषयले अर्कै अर्थ नलागेमा देहायमा लेखिएका शब्द र वाक्यहरूको अर्थ लगाउनुपर्दा देहायमा लेखिएबमोजिम लगाउनु पर्छ।

(क) 'ऐन' शब्दले २००६ साल भ्रष्टाचार निवारण ऐन भन्ने अर्थ लाग्छ।

(ख) सरकार शब्दले नेपाल सरकार भन्ने बुझाउँछ।

(ग) अरू शब्दहरूको अर्थ ऐनमा लगेबमोजिम हुनेछ।

३ (क) सरकारले भ्रष्टाचार निवारण विभाग खोल्नेछ। गृहपरामर्शदाताको मातहतमा रही सो विभागको काम भ्रष्टाचारनिवारण हाकिम अफिसरले गर्नेछ।

(ख) सो बिभाग संचालनको लागी दरकार र जरूरतअनुसार डेपुटी भ्रष्टाचारनिवारण असिष्टेन्ट भ्रष्टाचार निवारण हाकिमहरू र अरू चाहिंदो महल रहनेछ।

(ग) पुलीस अफिसरहरू मध्येबाट केही जवान झिकी निजहरूलाई भ्रष्टाचार निवारण बिभागका काममा लगाइनेछ। यी अफिसरहरू



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३१

झिक्दा खूब विचार गरेर मात्र छान्न पर्छ। निजहरू भ्रष्टाचार निवारण अफिसरको नियन्त्रण कन्ट्रोलमा रही निजको आज्ञानुसार डाइरेक्शन जाँच खोज गर्ने र अड्डा अदालतमा मुद्दा चलाउने काम गर्नेछन्। यस कामको लागी असिष्टेन्ट भ्रष्टाचार निवारण अफिसरले पुलीस सुपरिन्टेन्डेन्टको डेपुटी भ्रष्टाचार निवारण अफिसरले पुलिस डी आई. जी. को र भ्रष्टाचार निवारण अफिसरले पुलीस आई जी. पी. को अख्तियार पाउँनेछन्।

(घ) भ्रष्टाचार निवारण विभागका अफिसरहरूले काठमाडौंका कमिश्नर जिल्ला जिल्लाका बडाहाकिम र तिनीहरू मातहतका सबै अड्डाका कर्मचारीहरूबाट चाहिंदो मदत सहयोग र सहुलियत लिन मागेमा दिनुपर्छ।

४ (क) जुनसुकै मानिसलाई जुनसुकै सरकारी कर्मचारीले गरेको भ्रष्टाचारको जानकारी छ भने सो खबर भ्रष्टाचार निवारण अफिसर छेउ गुप्त पत्रद्वारा पठाउन सकिने रहेछ भन्ने कुरा सबैले थाह पाउन् भन्नाको लागी यो विभाग खडा भएको कुरा व्यापक रुपमा प्रचार गर्नुपर्छ।

(ख) माथि उपदफा (क) मा बताएबमोजिम आउने पाउने खबर अतिरिक्त यो विभागले भ्रष्टाचार विषयको खबर जम्मा गर्ने अरू श्रोत र तरिका पनि बनाउँनेछ।

(ग) भ्रष्टाचार विषयमा जुनसुकै सरकारी अड्डाले जति खबर पाएको छ। भ्रष्टाचार निवारण विभागमा पठाउनुपर्छ।

(घ) भ्रष्टाचार निवारण विभागमा आए पठाएका सब खबरहरू र कागजातहरू बिलकुल गुप्त राख्नुपर्छ। अनधिकृत व्यक्तिलाई सुनाउन देखाउन हुँदैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. भ्रष्टाचार निवारण विभाग इमान्दारी निष्पक्षता र धर्म अकबतको नमूना बन्न सक्नुपर्छ। आफ्नो विभागले पाएको शक्ति र अधिकारको दुरुपयोग हुन नपावस भनी त्यस विभागको अफिसरहरू सचेत रहन पर्छ। आफूले पाएको शक्ति र अधिकारको दुरुपयोग गर्न नपाउन् भन्नाको लागी त्यस विभागका अफिसरहरूले आफ्ना मातहतका कर्मचारीहरूउपर ज्यादै कडा कन्ट्रोल राख्नु पर्छ। त्यस विभागका कर्मचारीहरूले भ्रष्टाचार गरेको र रीस इवीले फसाउने उद्योग गरेको ठहरमा कडासेकडा दण्ड सजाय हुनेछ।

६ १ भ्रष्टाचार निवारण अफिसरले भ्रष्टाचार विषय कुनै खबर आयो र निजको चित्तमा कारवाई चलाउन हुने खास किसिमको खबर रहेछ भन्ने लागेमा आफ्नो स्टाफ मध्येबाट जवाफदेही बोक्नसक्ने अफिसरलाई गुप्तजाँच गर्न खटाउनसक्छ। यस्तो जाँच गर्दा जाँच गर्ने अफिसरले होशियारीसँग गर्नुपर्छ

२ सो गुप्त जाँचको रिपोर्ट आएपछि भ्रष्टाचार निवारण अफिसरले हेर्दा लागाएको अभियोगमा केही तथ्य रहेछ र अरू बढी जाँच गरेमा साँचो कुरा खुल्न आउला भन्ने देखेमा निजले देहायमा लेखिएको कर्मचारीहरूउपर देहायका तरीकाबाट कारवाई चलाउनुपर्छ।

(क) गजेटेड अफिसरहरूउपर भए भ्रष्टाचारनिवारण अफिसरले गृह परामर्श दातामार्फत श्री ५ महाराजाधिराजका हजूरमा जाहेरी गरी निकाशा भएबमोजिम गर्नुपर्छ।

(ख) नन् गजेटेड र अरू सरकारी कर्मचारीउपर भए भ्रष्टाचार निवारण अफिसरले छोटकरी खबर गृहसेक्रेटरी र सम्बन्धीत विभागको सेक्रेटरीलाई र मोफसलमा भए पक्राउ गर्ने भ्रष्टाचार निवारण अफिसरले सोही अड्डा अदालतका हाकिमलाई पनि दिई कारवाई चलाउनुपर्छ।

(ग) गैर सरकारी व्यक्तिले सरकारी कर्मचारीहरूलाई घूसदिन ल्याएकोमा भ्रष्टाचार निवारण अफिसरले कारवाई चलाउनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३ अरु कारवाई चलाउने ठहर भएपछि अभियोगमा परेका कर्मचारीसमेत झिकी ऐनबमोजित कारवाई गर्नुपर्छ ।

४ पोलिएको कर्मचारीको कागजसमेत भई कारवाई पूरा भएपछि भ्रष्टाचार निवारण अफिसरको चित्तले मुद्दा चलाउन मुनासीब देखेमा निजले सो मुद्दा इलाका अपील अड्डामा चलान गर्नपर्छ । सो भए गरेको खबर सम्बन्धित विभागको सेक्रेटरीलाई दिनुपर्छ ।

५ पोलिएको व्यक्ति सरकारी कर्मचारी रहेछ भने अपील अड्डामा मुद्दा दायर भएको मितिदेखि निजलाई सस्पेंड गरी अन्तिम फैसला नभए-सम्म निजले खाई पाइरहेको तलबको एक चौथाई निर्वाहको निमित्त भत्ताको रूपमा पाउनेछ ।

६ सुरु कारवाई गर्ने अपील अड्डाले सरकारी कर्मचारीले भ्रष्टाचार गरेको ठहरे फैसला गरेमा म्यादभित्र सो कर्मचारीले प्रधान न्याया-लयमा अपील अड्डाको ठहर फैसलाउपर अपील गर्न पाउँछ ।

७ यो ऐनबमोजिम पोलिएका देहायबमोजिमका कर्मचारीउपर देहाय-बमोजिम हुन्छ ।

(क) यो ऐनबमोजिम कसुर साबित भएका या ठहर भएका सरकारी कर्मचारी बात लागी खोसिन्छ । निजलाई जन्मभर सरकारी नोकरी दिन हुँदैन ।

(ख) कसुर नठहरी सफाई पाएको कर्मचारीले आफ्नो ठाउँमा थमौती भई रोक्का भएको तलब पनि फुकुवा पाउँछ ।

(ग) अरु कुनै कारणबाट रिहाई पाएको कर्मचारीलाई बात नलागे पनि स्वत जागीर थामी दिनै पर्छ भन्ने कर छैन । अदालतबाट आखि-री फैसला भएपछि सरकारबाट निजको जागीर थामिने, नथामिने, रोक्का भएको तलब फुक्का हुने नहुने कुराका बिचार गरी ठहर हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।